नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय

(मं.प.समिति तथा सं.निकाय शाखा)

सिंहदरबार, काठमाडौं

नेपाल ।

मं.प.आ.पु.स./०७०

पत्र संख्या :-

च.नं. :- स्था.पि.ति. ६९२

मिति : २०७०।७।२७

श्री सचिवज्यू,
वन तथा भू-संरक्षण मन्त्रालय ।

मिति २०७०।७।२७ मा बसेको मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिको बैठकबाट देहायवमोजिम निर्णय भएको व्यहोरा अनुरोध गर्दछु–

"वन क्षेत्र सुरक्षा योजना, २०७० स्वीकृत गर्ने विषयको वन तथा भू-संरक्षण मन्त्रालयको नं. १४।२३-०७०।७।१३ को प्रस्ताव मं.प.बै.सं. ४२-०७० मिति २०७०।७।१४ को मन्त्रिपरिषद्‌को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।" निर्णय भएअनुसार उक्त विषय आजको बैठकमा छलफल हुँदा प्रस्तावसाथ संलग्न "वन क्षेत्र सुरक्षा योजना, २०७०" को सट्टा छलफलका क्रममा उठेका विषयहरू समेत समावेश गरी परिमार्जन गरिएको यसैसाथ संलग्न "वन क्षेत्र सुरक्षा योजना, २०७०" स्वीकृत गर्ने ।"

(कृष्णहरि बास्कोटा)
सचिव

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
इमेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

नेपाल सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

# वन क्षेत्र सुरक्षा योजना, २०७०

## १. पृष्ठभूमी

देशको आर्थिक विकासको मेरुदण्ड मानिएको कृषि, पर्या-पर्यटन आदिको विकासका साथै वातावरण सन्तुलनको लागि महत्वपूर्ण भूमिका रहेको वन क्षेत्रमा हुने अतिक्रमण, चोरी कटान र चोरी शिकार जस्ता वनजन्य अपराधहरुलाई नियन्त्रण गरी वन क्षेत्रको विनास हुन नदिनका लागि वन, वनस्पति, वन्यजन्तु तथा जलाधार क्षेत्र एवं जैविक विविधता संरक्षणका लागि विद्यमान सुरक्षा व्यवस्थालाई समय सापेक्ष एवं प्रभावकारी तुल्याउन नेपाल सरकार मन्त्रिपरिषद्ले "वन क्षेत्र सुरक्षा योजना, २०७०" जारी गरेको छ।

## २. दूरदृष्टि

देशको कुल भू भागको ४० प्रतिशत वन क्षेत्र कायम राख्ने।

## ३. उद्देश्य

वन तथा वन क्षेत्रमा हुने अतिक्रमण, चोरी कटान, चोरी शिकार जस्ता वनजन्य अपराध र वन पैदावार तथा वन्यजन्तुको अवैध व्यापारलाई नियन्त्रण गर्ने।

## ४. रणनीति

४.१ वन अतिक्रमण नियन्त्रण रणनीति, २०६८ को प्रभावकारी कार्यान्वयन गरी वन अतिक्रमण हुन नदिने र भएको वन क्षेत्रको अतिक्रमण हटाई वन क्षेत्र नै कायम गर्न आवश्यक व्यवस्था मिलाइने छ।

४.२ वन क्षेत्रको अतिक्रमण हुन नदिई वन जंगलको संरक्षण तथा संबर्धन गर्ने कार्यमा राजनैतिक दल तथा राजनैतिक दल संग आबद्ध भातृ संगठनहरुको समेत सहयोग प्राप्त गरिने छ।

४.३ केन्द्रीय र क्षेत्रिय तहमा सम्बन्धित विभाग, निकायहरुबाट वन क्षेत्रको सुरक्षार्थ आवश्यक प्रचारात्मक, सुरक्षात्मक र समन्वयात्मक कार्यक्रमहरू सञ्चालन गरिने छ।

४.४ वन क्षेत्र विनास गर्ने, गराउने जो कोहीलाई कारबाही गर्न सहयोग गर्ने र वन सुरक्षामा योगदान पुऱ्याउने व्यक्ति वा संस्थालाई पुरस्कृत गरिने छ ।

४.५ यो सुरक्षा योजना कार्यान्वयन गर्ने सम्बद्ध निकायहरुको क्षमता अभिबृद्धिका कार्यक्रम संचालन गरिने छ।

## ५. कार्ययोजना तथा कार्यक्रम

५.१ वन तथा भू-संरक्षण मन्त्रालय मातहतका सबै विभाग, समिति तथा संस्थानका स्थलगत कार्यालय तथा संरक्षित क्षेत्रहरुले आ-आफ्नो कार्य क्षेत्र अन्तर्गतको वनलाई अतिक्रमण, चोरी कटानी, चोरी शिकार, वन डढेलो लगायतका प्रकोपबाट वचाई वन स्रोत सम्पदा तथा वन पैदावारलाई सुरक्षित राख्नका साथै वन पैदावार तथा वन्यजन्तुको अवैध व्यापारलाई नियन्त्रण गर्न जिल्ला वन/संरक्षित क्षेत्रको व्यवस्थापन योजनामा वन सुरक्षा योजनालाई समावेश गरिने छ।

५.२ स्थलगत कार्यालय तथा संरक्षित क्षेत्रहरुले वन सुरक्षा योजनालाई आ-आफ्नो चालु जिल्ला वन/संरक्षित क्षेत्रको व्यवस्थापन योजनामा समावेश गरी अध्यावधिक गरेको कार्ययोजना सम्बन्धित विभागवाट स्वीकृत गरिने छ ।

५.३ स्थलगत कार्यालय तथा संरक्षित क्षेत्रहरुले आ-आफ्नो जिल्ला वन/संरक्षित क्षेत्रको योजनाको अधिनमा रही बार्षिक वन सुरक्षा कार्ययोजना तयार गरी सम्बन्धित विभागमा पेश गर्नु पर्ने छ । विभागले प्राप्त वन सुरक्षा कार्ययोजना आवश्यक भए परिमार्जन समेत गरी तत्काल स्वीकृत गरी वन तथा भू-संरक्षण मन्त्रालय तथा क्षेत्रिय वन निर्देशनालयहरूलाई जानकारी गराउने छ ।

५.४ वन सुरक्षा कार्ययोजनामा सुरक्षा संवेदनशिल क्षेत्रको पहिचान तथा प्राथमिकीकरण, नक्साङ्कन, डिजिटल डाटावेश, सुराकी परिचालन, गस्ती परिचालन, संवेदनशिल क्षेत्रको विशेष सुरक्षा व्यवस्था, वन पैदावार तथा वन्यजन्तुको अवैध व्यापार नियन्त्रण व्यवस्था लगायतका बिषयवस्तु समावेश गरिने छ ।

५.५ सबै प्रकारका समुदायमा आधारित वन व्यवस्थापन समूहहरु तथा उपभोक्ताहरुलाई आफूले व्यवस्थापन गर्न प्राप्त गरेको वनको सुरक्षा गर्न जिम्मेवार वनाईने छ । समूहहरुले आफ्नो व्यवस्थापनमा रहेको वन तथा वन क्षेत्रको हानी नोक्सानी तथा अतिक्रमण नहुने व्यवस्था मिलाउने छन् ।

५.६ वन, वनस्पति तथा वन्यजन्तुको संरक्षण कार्यलाई थप प्रभावकारी वनाउन सम्वन्धित कार्यालय प्रमुखहरुद्धारा वन संरक्षणको कार्यसूची सहित प्रत्येक इलाका, सेक्टर कार्यालयका प्रमुखको नेतृत्वमा घुम्ति गस्ती टोली गठन गरी परिचालन गरिने छ । टोली प्रमुखहरुको नाम, पद र सम्पर्क टेलिफोन नम्वर सम्बन्धित जिल्ला प्रशासन कार्यालय, क्षेत्रीय वन निर्देशनालय र विभागमा पठाइने छ ।

## ६. अनुगमन

६.१ क्षेत्रिय वन निर्देशनालयले कार्ययोजना कार्यान्वयनको अनुगमन तथा स्थलगत कार्यालयहरुवाट प्राप्त विवरणहरुमा विश्लेषण गरी सूचनाको गाम्भीर्यता हेरी आवश्यक निर्देशन दिने छ र सो को जानकारी सम्बन्धित विभाग र वन तथा भू-संरक्षण मन्त्रालयलाई समेत दिने छ ।

६.२ स्थलगत कार्यालय तथा संरक्षित क्षेत्रहरुवाट वन सुरक्षा कार्ययोजना अनुरुप भए गरेका काम कारवाहीहरुको विवरण क्षेत्रिय वन निर्देशनालय, सम्बन्धित विभाग र वन तथा भू-संरक्षण मन्त्रालयमा मासिक रुपमा पेश गरिने छ । संवेदनशिल विषयमा भने तत्काल जाहेरी दिनुपर्ने छ ।

६.३ स्थलगत कार्यालय तथा संरक्षित क्षेत्रहरुवाट सम्पन्न भएको कार्यहरुको प्रगति जिल्ला वन क्षेत्र समन्वय समितिमा पेश गरी छलफल गरिने छ ।

## ७. समन्वय

७.१ स्वीकृत वन सुरक्षा कार्ययोजना जिल्ला वन समन्वय समितिलाई जानकारी गराई जिल्ला स्थित स्थानीय प्रशासनको सहयोग र समन्वयमा कार्यान्वयन गरिने छ ।

७.२ स्थलगत कार्यालय तथा संरक्षित क्षेत्रहरु मार्फत राजनैतिक दल, स्थानीय प्रशासन, सुरक्षा निकाय, वन उपभोक्ता समूह, नागरिक समाज एवं सञ्चार क्षेत्रका प्रतिनिधि, सरकारी, गैर सरकारी

निकाय र सर्वसाधारणलाई आवश्यकता अनुसार अन्तरकृया र समन्वय गरी वन सुरक्षा कार्यमा सहभागी बनाइने छ ।

७.३ क्षेत्रीय तथा जिल्ला सुरक्षा समितिहरुले वन क्षेत्रको सुरक्षालाई क्षेत्रीय तथा जिल्ला सुरक्षाको अभिन्न पक्षको रुपमा लिई तदनुसारका सुरक्षात्मक उपायहरु क्षेत्रीय तथा जिल्ला सुरक्षा योजनामा समावेश गरी वन तथा वन क्षेत्रको संरक्षण गरिने छ ।

७.४ केन्द्रिय स्तरको समन्वय वन तथा भू-संरक्षण मन्त्रालयको अनुगमन तथा मूल्याङ्कन महाशाखावाट गरिने छ । क्षेत्रिय स्तर र अन्तर कार्यालय स्तरको समन्वय सम्बन्धित क्षेत्रिय वन निर्देशनालयवाट गरिने छ ।

## ८. केन्द्रिय वन सुरक्षा समिति

८.१ कार्ययोजनाको प्रभावकारी कार्यान्वयनका लागि देहायका सदस्यहरु भएको एक केन्द्रिय वन सुरक्षा समिति रहने छ ।

| | |
|---|---|
| १. मन्त्री, वन तथा भू-संरक्षण मन्त्रालय | संयोजक |
| २. सचिव, अर्थ मन्त्रालय | सदस्य |
| ३. सचिव, गृह मन्त्रालय | सदस्य |
| ४. सचिव, संघिय मामिला तथा स्थानिय विकास मन्त्रालय | सदस्य |
| ५. सचिव, वन तथा भू-संरक्षण मन्त्रालय | सदस्य |
| ६. रथी, नेपाली सेना | सदस्य |
| ७. महानिरीक्षक, नेपाल प्रहरी | सदस्य |
| ८. महानिरीक्षक, सशस्त्र प्रहरी बल | सदस्य |
| ९. प्रमुख, अनुगमन तथा मूल्याङ्कन महाशाखा, वन तथा भू-संरक्षण मन्त्रालय | सदस्य-सचिव |

८.२ समितिले आफ्नो कार्यविधि आँफै निर्धारण गर्ने छ ।

## ९. वजेट तथा स्रोत परिचालन

९.१ कार्ययोजना कार्यान्वयनका लागि नेपाल सरकारबाट वजेटको व्यवस्था गरिने छ ।

९.२ कार्ययोजना कार्यान्वयनका लागि विभिन्न दातृ निकायबाट सहयोग लिन सकिने छ ।

९.३ कार्ययोजना कार्यान्वयनका लागि स्थानिय संघ, संस्था तथा समूहको स्रोत परिचालन गरिने छ ।

## १०. कार्यक्रम कार्यान्वयन तालिका

यो वन सुरक्षा योजना कार्यान्वयन निम्नानुसार कार्यान्वयन गरिने छ ।

| सि नं | क्रियाकलाप | समय | जिम्मेवार निकाय | सहयोगि निकाय |
|---|---|---|---|---|
| १ | वन सुरक्षा कार्ययोजना तयारी | बार्षिक र अद्यावधिक | जिल्ला वन कार्यालय र संरक्षित क्षेत्र कार्यालय | जिल्ला सुरक्षा समिति |
| २ | अतिक्रमण नियन्त्रण | नियमित | जिल्ला वन कार्यालय र संरक्षित क्षेत्र कार्यालय | जिल्ला सुरक्षा समिति, राजनैतिक दल, स्थानिय वन समूहहरु, पत्रकार, नागरिक समाज |
| ३ | अतिक्रमण क्षेत्र खालि गरी बृक्षरोपण गर्ने | नियमित | जिल्ला वन कार्यालय र संरक्षित क्षेत्र कार्यालय | जिल्ला सुरक्षा समिति, राजनैतिक दल, स्थानिय वन समूहहरु, पत्रकार, नागरिक समाज |
| ४ | चोरी शिकार नियन्त्रण | नियमित | वन्यजन्तु अपराध नियन्त्रण एकाई, जिल्ला वन कार्यालय र संरक्षित क्षेत्र कार्यालय | जिल्ला सुरक्षा समिति, स्थानिय वन समूहहरु |
| ५ | चोरी कटान नियन्त्रण | नियमित | वन्यजन्तु अपराध नियन्त्रण एकाई, जिल्ला वन कार्यालय र संरक्षित क्षेत्र कार्यालय | जिल्ला सुरक्षा समिति, राजनैतिक दल, स्थानिय वन समूहहरु |
| ६ | वन डढेलो नियन्त्रण गर्ने | नियमित | जिल्ला वन कार्यालय र संरक्षित क्षेत्र कार्यालय | स्थानिय प्रशासन, स्थानिय वन समूहहरु |
| ७ | वन, वन क्षेत्र, वन स्रोत र वन अपराध समेतको केंद्रिय डाटाबेस तयार | एक बर्ष भित्र तयार गरी नियमित अध्यावधिक गर्ने | वन विभाग र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग | जिल्ला वन कार्यालय र संरक्षित क्षेत्र कार्यालय |
| ८ | संस्थागत समन्वय | अर्ध बार्षिक | वन तथा भूसंरक्षण मन्त्रालय | केन्द्रिय वन सुरक्षा समिति |
| ९ | अनुगमन तथा मूल्याङ्कन | त्रैमासिक | क्षेत्रिय वन निर्देशनालय | अनुगमन तथा मूल्याङ्कन महाशाखा, वन तथा भू-संरक्षण मन्त्रालय |